INTERNATIONAL JOURNAL OF NOVEL RESEARCH AND DEVELOPMENT (IJNRD)
© 2026 IJNRD | Volume 11, Issue 4, April 2026 | ISSN: 2456-4184 | IJNRD.ORG

# ऐतिहासिकताका आधारमा भत्किएको घर उपन्यासको अध्ययन

डा. सविता तामाङ
सह. प्राध्यापक
सिक्किम सरकारी महाविद्यालय, बुर्तुक, गान्तोक
8016756531(m) email: sabitasursab@gmail.com

***लेखसार***

इतिहास अतीतमा भएका घटनाहरूको यथार्थताको विवरण हो भने उपन्यास मानवजीवन र समाजको विविध पक्षको कलात्मक प्रस्तुतीकरण हो। इतिहास कुनै पनि देश, राज्य र विशेष स्थानको सत्ताकेन्द्रित हुन्छ भने उपन्यास कुनै पनि विशेष स्थानको राजनीतिकेन्द्रित **हुन्छ र यसले राजनीति बाहिरको** समाजलाई पनि समेट्दछ। उपन्यासमा विभिद् विषयहरू हुन्छन् र ती विषयहरूमध्ये एउटा इतिहास पनि हो। इतिहासलाई विषयवस्तु बनाएर लेखिएको उपन्यासलाई ऐतिहासिक उपन्यास भन्न सकिन्छ। नेपाली साहित्यमा इतिहासलाई विषयवस्तु बनाएर लेखिएको एउटा उपन्यास भत्किएको घर हो। उपन्यासमा उल्लिखित घर शब्दले सिक्किमलाई इङ्गित गरिएको छ। सिक्किम एउटा देश रहेको अनि देश तथा घर भत्किएको लामो प्रक्रिया उपन्यासमा वर्णित छ। सिक्किम एउटा देश भएको समयको व्यवस्था र भारतको एउटा राज्यको रूपमा गाभिएपछिको व्यवस्थामा भिन्नता रहेको पाइन्छ। कुनै पनि सत्य घटनालाई लिखित रूपमा प्रकाशित भएको कुरालाई इतिहास भनिए तापनि यस्तै यथार्थ घटनालाई कलात्मक ढङ्गमा रचना गरिएको उपन्यासलाई ऐतिहासिक उपन्यास भन्न सकिन्छ। प्रस्तुत लेखमा 'भत्किएको घर' उपन्यासमा रहेको ऐतिहासिक पक्षको अध्ययन गरिएको छ।

**बीजशब्द**

इतिहास, ऐतिहासिक उपन्यास, उपन्यासमा सिक्किमको इतिहास, प्यारिटी प्रथा,जनआन्दोलन, सिक्किम भारतको 22औँ राज्यको रूपमा गाभिएपछिको व्यवस्था।

## विषयप्रवेश:

इतिहास अतीतमा भएका घटनाहरूको यथार्थ विवरण हो। नेपाली वृहत् शब्दकोशले इतिहास भनेको अतीतकाल वा विगत समयका घटनाहरूको वर्णन, विश्लेषण र मूल्याङ्कन गर्ने ज्ञानको एक शाखा, अतीतको अनुसन्धान र छानबिनमा आधारित अध्ययन। कुनै मुलुक, जाति, संस्था, विषय आदिका अतीतका घटनाहरूको क्रमबद्ध वर्णन वा वृत्तान्त इतिहास हो भन्ने अर्थ दिएको छ। प्रयोगात्मक नेपाली शब्दकोशमा इतिहासको अर्थ कुनै देश, जाति, संस्था आदिको उत्त्पति र विकासको कथा, बितेका घटनाहरूको वर्णन, अध्ययन वा तत्सम्बन्धी ग्रन्थ इतिहास हो भनिएको छ। इतिहासले विगतमा घटेका यथार्थ घटनाको विवरण दिएको हुन्छ। वास्तविक घटना बोकेको विषय मात्र इतिहास बन्न सक्दछ। भत्किएको घर उपन्यासमा प्रयोग गरिएको घरको प्रतीकात्मक अर्थ रहेको छ। यहाँ उल्लिखित घर सिङ्गो सिक्किम देश हो भन्ने कुरा उपन्यासको विषयवस्तुले पुष्टि गरेको छ। यो उपन्यास लेखिनुको उद्देश्य भविष्यका बाल-बालिका, युवाहरूलाई सिक्किमको इतिहासबारे ज्ञान दिनु हो भन्ने कुरा उपन्यासकारको भनाइले यसरी स्पष्ट पारेको छ- "मेरो यस कामको निम्ति उर्जा थप्दै उहाँले ((प्रो, घनश्याम नेपाल) भन्नुभएको थियो-'यो घटना लेखिनु पर्ने हो, हामीलाई भन्दा हाम्रा पछिकाहरूलाई बडो काम लाग्ने हुनेछ।" (रूद्र पौड्याल, सन् 2022) यस भनाइमा प्रस्तुत उपन्यासमा वर्णित घटना इतिहासका एउटा खण्ड हो भन्ने कुरा स्पष्ट बुझिन्छ। अझ उनी प्रस्तुत उपन्यासको सुरुमा यस्तो लेख्छन्- "सुनेका कुरा, देखेका कुरा र मेरा क्षुद्र मस्तिष्कले देखेका कुराहरूको मिश्रित उपलब्धि नै हो यो पुस्तक.... यस उपन्यासभित्र धेरै चीज केही नहोला तर त्यस भत्किएको घर उत्खनन् गरी मैले केही आनन्दका क्षणहरू, केही अवसादहरू र अन्य पनि केही चीज झिकेर पोको पारी पठनशील मेराहरूलाई यो कोसेली चढाएको छु।" यस उपन्यासको विषयवस्तु र उपन्यासकारको मन्तव्यलाई हाराहारीमा राखेर अध्ययन गर्दा उपन्यासले वहन गरेको विषय वास्तविक घटना हो भन्ने लाग्दछ। उपन्यासको विषयवस्तु अत्यन्त ज्ञानवर्धक, उपयोगी रहेको हुनाले यस लेखमा भत्किएको घर उपन्यासमा रहेको ऐतिहासिक विषयको अध्ययन गरिएको छ।

## उपन्यासकार रुद्र पौड्यालको संक्षिप्त परिचय:

साहित्यकार रूद्र पौड्यालको जन्म सन् १५ अप्रेल १९५१ -को दिन पूर्व सिक्किमको रङ्गेली दलपचन्द बस्तीमा भएको थियो। आमा स्व. तुलसादेवी पौड्याल र बुबा स्व. गंगाप्रसाद पौड्याल हुन्।
विद्यार्थीकालदेखि नै वार्षिक पत्रिकाहरूको सम्पादन गर्दै आएका पौड्यालले भानु सालिक निर्माण समितिमा बसेर 'स्थापना' जस्तो स्मारिकाको सम्पादन गरेका छन् भने उनका दुईवटा कथा-सङ्ग्रह, तीनवटा गीति एल्बम प्रकाशित भएका छन्। उनको 'कथाकल्प', 'हराएको मान्छे', लोककथा जस्ता तीनवटा कथासङ्ग्रह, गीति एल्बम प्रकाशित भएका छन्। ६ वटा बौद्ध दर्शन सम्बन्धी कृतिहरू अनुदित भई प्रकाशित भइसकेका छन्। 'टिस्टा बगिरहेछ' उपन्यासपछि 'भत्किएको घर' अर्को उपन्यास हो।

## ऐतिहासिक दृष्टिका आधारमा भत्किएको घर उपन्यासको अध्ययन:

भत्किएको घर उपन्यासको घर शब्दको प्रतीकात्मक अर्थ देश रहेको पाइन्छ। भत्किएको अवस्थाले देशको मानचित्र, शासन व्यवस्था विखण्डित भएको अवस्थाको वर्णन उपन्यासको विषयले अभिव्यक्त गरेको पाइन्छ। भत्किएको घर उपन्यासमा विभिन्न विषयहरू समेटिएका छन्। प्रस्तुत उपन्यासमा रहेको एउटा पक्ष सिक्किमको इतिहास हो। ऐतिहासिक उपन्यास "काल्पनिक कथाको एउटा रूप हो जसले इतिहासलाई पुनर्निमाण गर्दछ र यसलाई कल्पनाशील रूपमा पुनःसिर्जना गर्दछ। ऐतिहासिक र काल्पनिक दुवै किसिमका पात्रहरू देखा पर्न सक्छन्। काल्पनिक कथा लेखे तापनि, असल ऐतिहासिक उपन्यासकारले आफ्नो चुनेको अवधिलाई राम्ररी अनुसन्धान गर्छन् र सत्यताको लागि प्रयास गर्छन्।" (जे. ए. कडन, सन्1999) प्रस्तुत उपन्यासमा सिक्किमको इतिहासलाई कलात्मक रूपमा पुनः सिर्जना गरिएको छ। सिक्किम एउटा स्वतन्त्र देश भएको समयको विभिन्न व्यवस्था र भारतको 22औँ राज्यको रूपमा सिक्किम विलय भएको सन्दर्भ उपन्यासमा रहेको छ। प्रस्तुत लेखमा उपन्यासमा वर्णित ऐतिहासिक पक्षको मात्र अध्ययन गरिएको छ। अध्ययन गर्ने क्रममा यस लेखलाई दुईवटा उपशीर्षकमा राखेर अध्ययन गरिएको छ-

- □) सिक्किम एउटा स्वतन्त्र देश हुँदाको व्यवस्था
- □) सिक्किम भारतको 22औँ राज्यको रूपमा गाभिएपछिको व्यवस्था

### □) सिक्किम एउटा स्वतन्त्र देश हुँदाको व्यवस्था:

### सिक्किमका पुराना बासिन्दाको उल्लेख

सिक्किममा सबैभन्दा पहिला बसोबासो गर्ने जाति लाप्चे हुन् भन्ने विचार राखेको पाइए तापनि इतिहासका विभिन्न पुस्तकहरूमा लाप्चेबाहेक अन्य जातिहरू पनि सिक्किममा बस्दै आएका हुन् भन्ने कुरा यस्तो रहेको छ- "सिक्किमका विभिन्न ठाउँमा मगरजोङ (मगरका किल्ला) भएको तथ्यले यहाँ लेप्चा जतिकै पुराना बासिन्दा मगरहरूलाई मान्न सकिन्छ।" (तुलसीराम शर्मा 'कश्यप', सन् 1996) सिक्किमको पुराना बासिन्दा चिनाउँदै भत्किएको घर उपन्यासको पात्र यसो भन्छन्- "सिक्किमको पुरानो नाम डेञ्जोङ भन्छन्, डेञ्जोङ भनेको धानको खेती भन्ने सुनेको छु। भोटबाट सिक्किम पस्दै गर्दा तल धान पाकेको देखेर त्यो पहेँलो के हो ? भनी कसैले कसैलाई सोधे हुनन् र जवाफमा धानको खेत अथवा डेञ्जोङ भने होलान् र तिनीहरूले डेञ्जोङ भन्ने नाम चलाए होलान्। कुनै मधेशवासीले अहिलेसम्म सिक्किममा धान खेती गरेका छैनन्। यहाँका पुराना भनिएका बासिन्दा लेप्चाहरू उत्तर सिक्किमका थिए, उनीहरूले खेती गर्नुपर्ने आवश्यक थिएन अथवा धान रोप्न थालेका थिएनन्। अरु नै खाद्य सामग्रीले उनीहरूको सानो जनसङ्ख्यालाई पुग्थ्यो भने धानको खेती गर्ने ती नै मगर, लिम्बू, राई, बाहुन, छेत्री त थिए। उनीहरूले रोपेर धान पाकेको खेत नै डेञ्जोङ देखिन्थ्यो भन्ने मलाई लाग्छ।" (रुद्र पौड्याल, सन्. 2022) सिक्किमलाई डेञ्जोङ भनेर चिनिने कुरा उपन्यासमा उठाइएको छ। "तिब्बतीहरूले सिक्किमलाई डेञ्जोङ, डेमोजोङ र डेमोसोङ आदि नामले पुकार्छन्। यी सबै शब्दको अर्थचाहिँ एउटै धान फल्ने ठाउँ भन्ने नै लाग्छ।" (तुलसीराम शर्मा 'कश्यप', सन् 1996) सिक्किममा धान रोप्ने सन्दर्भ र लाप्चेहरू उत्तर सिक्किममा बसेको हुनाले धानको खेती नगरिने कुराको उठान गर्दै सिक्किमका मूलवासीहरू लाप्चे मात्र नभएर मगर, लिम्बू र अन्य जातिहरू पनि हुन् भन्ने कुराको वर्णन गरिएको छ।अझ बाबा नामक पात्रले खाद्य सामग्रीले उनीहरूको (लाप्चे) सानो जनसङ्ख्यालाई पुग्थ्यो भने धानको खेती गर्ने ती नै मगर, लिम्बू, राई, बाहुन, छेत्री त थिए भन्ने सन्दर्भले बाबा पात्र स्वयम् यस कुराको साक्षी हुन् भन्ने भान गराएको छ।

## उपन्यासमा वर्णित सिक्किममा प्रचलित विभिन्न प्रथाबारे अध्ययन:

सिक्किम एउटा स्वतन्त्र देश हुँदा आफ्नो अलग व्यवस्था, नियमहरू रहेको वर्णन प्रस्तुत उपन्यासमा गरिएको छ। सिक्किममा राजा शाषण रहेको अनि राजा र प्रजाबिचमा के कस्ता सम्बन्ध रहेको थियो?, राजा शाषणकालमा प्रजाको हक, अधिकार के कस्तो थियो? प्रजा स्वतन्त्र थिए कि थिएनन् भन्ने कुरा बुझ्नको निम्ति तत्कालीन व्यवस्थालाई बुझ्न आवश्यक देखिन्छ। राजा शाषणकालमा सिक्किममा काजी, ठेकेदार, मण्डल, कारबारीले जनतालाई आफ्नो निर्देशनमा काममा खटाउने चलन रहेको पाइन्छ।"ठेकेदारहरूले किसानहरूलाई परिश्रमिक नदिई काम गराउने गर्थे। यस्ता ज्यालाबिनाको श्रम प्रणालीलाई झारलाङ्गी प्रणाली भनिन्छ। त्यस्ता कार्यहरू गर्नको लागि कुनै निश्चित समय वा स्थान तोकिएको हुँदैन थियो। काजी ठेकेदारहरूले आफ्नो सुविधाअनुसार कुनै पनि किसानलाई पारिश्रमिक बिना काम गर्ने आदेश दिने गर्दथे। एकपटक आदेश दिएपछि मजदुरसँग आज्ञाकारी हुनबाहेक कुनै विकल्प थिएन।" (जे. आर. सुब्बा, सन् 2008) यस्तै प्रकारले थेकी-बेठीप्रथा, अनि कालोभारी प्रथा पनि साधारण जनताको निम्ति अन्यायपूर्ण रहेको देखिन्छ। बेठी प्रथाअन्तर्गत "प्रत्येक घरले सालभरिमा निश्चित सङ्ख्यामा कार्वारी र मण्डलहरूको खेताला जानुपर्थ्यो। ती खेतालाहरूले दिउँसोको खाजाबाहेक केही रोज पाउँदैन थिए।कालोभारी बोक्न प्रत्येक घरबाट अनिवार्यरूपले जानैपर्ने अर्को बाध्यता थियो। त्यस भारीको उचित रोज ब्रिटिश सरकारले सिक्किम सरकारलाई दिइन्थ्यो तर सिक्किमका प्रशासक काजीले रोजको एक रुपियाँमा दश आना राखेर रहल छ आना टिकादारलाई दिन्थे अनि ती ठिकादारले आफ्नो खुशी आफूलाई राखेर त्यो कालोभारी बोकेर भारत-सिक्किम सिमानादेखि तिब्बत याटुङसम्म पुऱ्याउन जनतालाई प्रयोग गर्थे।...रुपियाँ काजी ठिकादारले एवम् उनीहरूका काम्दारी मण्डल र कार्वारीसम्मले खान्थे जनताले भने कराकरमा ती पुऱ्याएर आएपछि ती काम्दारीको दयाले जति रोज दिन्थे त्यतिमै सन्तोष गर्नुपर्थ्यो।" (तुलसीराम शर्मा 'कश्यप', सन् 1996) यस्ता ऐतिहासिक घटना र व्यवस्थाको प्रस्तुत उपन्यासको मुख्य विषयवस्तु बनेको छ।उपन्यासले सिक्किमका विगतको युगकै व्यस्थालाई ऐतिहासिक तथ्यप्रति निष्ठाका साथमा यसप्रकार प्रस्तुत गरेको छ-"काजी ठेकादारहरूको व्यक्तिगत काम गर्न त्यो श्रम शक्तिको प्रयोग हुन थालेछ। सित्थैमा उनीहरूको घर बनाइदिनु, खेत रोपिदिनु, कुनै पनि काम गरिदिनु जस्ता काममा जन साधारणलाई प्रयोग गर्न थालेछन्।" (रुद्र पौड्याल, सन् 2022) यहाँ राजाकालीन शाषणको व्यवस्थामा जनताले भोगेको समस्या र उनीहरूले खप्नुपरेको शोषण चित्रण गरिएको छ। प्रस्तुत उपन्यास इतिहासमा भएको तथ्याङ्कमा आधारित रहेको पाइन्छ। उपन्यासको प्राय: विषयवस्तु सिक्किमको विगतको फोटोकपी जस्तै भएर देखा परेको छ। पात्रको नाम काल्पनिक रहे तापनि उपन्यासले भने सिक्किमको व्यवस्था पाठक आकर्षित बनाउन र इतिहास बुझ्न उत्सुक बनाउन अत्यन्त सफल देखिन्छ। सिक्किमको कालोभारी प्रथाबारे उपन्यासको दृष्टान्त यस्तो छ-"कालो त्रिपालमा बेह्रिएर आएको हुनाले त्यसालाई कालोभारी भनेको रहेछ, अहिले बुझ्दा। त्यो भारी बोकेको भाडा पाइन्थ्यो होला, तर जति कम्पनीले दिन्थ्यो त्यो सबै ठेकादारहरूले पचाउँदा रहेछन् अनि जनतालाई त्यसै भारी बोकाएर पठाउने रहेछन् अनि जनतालाई त्यसै भारी बोकाएर पठाउने, खाने र बस्नेसमेत जतनाले नै गर्नुपर्ने, यदि कसलै गर्दिन, भ्याउँदिन वा सक्दिँन भन्यो भने त्यसमाथि कार्वाही हुने, यस्तो व्यवस्था रहेछ। (रुद्र पौड्याल, सन् 2022) काजी मण्डल, ठेकेदार प्रथामा पदानुक्रम रहेको ऐतिहासिक कुराको वर्णन उपन्यासमा यस्तो छ- "काजी, आथिङ वा ठेकादारहरूभन्दा तल मण्डल, कारबारी आदि पद हुने गर्थे।" (रुद्र पौड्याल, सन् 2022) यसप्रकार उपन्यासले सिक्किमको ऐतिहासिक सामग्री, ऐतिहासिक घटनाहरूलाई रचनाद्वारा पाठक र जनसाधारणलाई हस्तान्तरण गरिएको छ।

## उपन्यासमा वर्णित प्यारिटी प्रथा:

ऐतिहासिक उपन्यासको एउटा विशेषता विगतका व्यवस्था, प्रचलन आदिलाई प्रामाणिकतास्वरूप तत्कालीन व्यवस्थाको विवरणहरू यथासम्भव प्रस्तुत गर्नु हो।प्रस्तुत उपन्यासमा सन् 1975 पूर्व सिक्किममा प्रचलित प्यारिटी प्रथाको वर्णन गरिएको छ। प्यारिटी प्रथाअन्तर्गत "भोटिया, लेप्चा र अरू गरी दुई भाग गरेर धेरै मतपत्रहरू खसाल्नु पर्ने, अनि कुनैले धेरै मत पाए पनि हार्ने कुनैले थोरै पाएर पनि जित्ने कस्तो अनौठो प्रकारको प्यारिटी प्रथा भन्थे।" (रुद्र पौड्याल, सन् 2022) प्यारिटी प्रथाअन्तर्गत नेपाली, लेप्चा र भोटे जातिमाझमा विभेद रहेको देखिन्छ। जनगणनना अनुसार नभएर यस प्रथाले नेपाली समुदायलाई अन्याय गरेको कुरा उपन्यासमा यस्तो छ- "जनगणनाअनुसार लगभग अस्सी (८०) प्रतिशत नेपाली समूह र बीस (२०) प्रतिशत जति भोटिया-लेप्चा समूह थिए। तर राजाले बनाएको यस नियममा अस्सी (८०) प्रतिशतको प्रतिनिधि छ (६) जना र बीस (२०) प्रतिशतको प्रतिनिधि पनि छ (६) जना।" (रुद्र पौड्याल, सन् 2022) यसले भोटिया र लेप्चा समुदायको तुलनामा नेपाली समुदायलाई अन्याय भएको देखाइएको छ। राजनैतिक क्षेत्रमा मात्र सीमित नभएर विभिन्न सहुलियतसम्बन्धित कुराको निर्णय गर्न पनि प्यारिटी प्रथाको नियम पालन गरिन्थ्यो-"कुनै पनि सरकारी सहुलियतमा पनि प्यारिटी सिस्टम थियो, पढ्ने विद्यार्थीका निम्ति पनि नेपाली विद्यार्थी एकजनाले छात्रवृत्ति पाउन भोटिया, लेप्चा पनि एक विद्यार्थी हुन पर्थ्यो। सरकारी जागिरमा पनि आधा आधा भोटिया, लेप्चा र नेपालीहरू बीच बाँडिन्थ्यो। मतपत्र पनि धेरै रङ्गका धेरैवटा हुन्थे। 5 वटा मतपत्र एउटै मत पेटिमा हाल्यो

भने त्यसको सङ्ख्या एक नै हुन्थ्यो, बडो अवैज्ञानिक थियो भन्ने जनतामा रहेको ठुलो असन्तुष्टिले पुष्टि गर्दछ।" (रुद्र पौड्याल, सन् 2022) राजाकालीन व्यवस्थामा रहेको प्यारिटी प्रथाको तथ्यपरक चित्रण उपन्यासमा गरिएको छ। उपन्यासमा वर्णित यी प्रशङ्गहरूले सिक्किमको इतिहासलाई छर्लङ्ग बनाएको छ।

## सिक्किममा भएको जनआन्दोलन:

सिक्किममा विभिन्न समयमा जनआन्दोलन भएको ऐतिहासिक तथ्य पाइन्छ। भारतमा विलयपूर्व काजी, ठेकेदार, प्यारिटी र सिक्किम भारतमा विलय हुनु हुँदैन भन्ने विषयलाई लिएर जनआन्दोलन भएको प्रमाण इतिहासले दिँदछ। यस्ता आन्दोलनको वर्णन उपन्यासमा गरिएको छ। उपन्यासका प्रमुख पात्र काल्पनिक रहेको भए तापनि गौण पात्रहरू भने वास्तविक व्यक्तित्त्वहरू नै छन्। प्यारिटीको विरूद्धमा गरिएको आन्दोलनमा "युवाहरूको झुण्ड लिएर श्री नरबहादुर खतिवडा र श्री नन्दकुमार सुबेदीले शक्ति प्रदर्शन गरेर सरकारी कार्यालय, पुलिस चौकी आदि कब्जा गर्न र हातहतियार लुट्न थाले।" ( तुलसीराम शर्मा 'कश्यप', सन् 1996) उपन्यासमा आन्दोलनकारीहरू जीवन्त अर्थात् वास्तविक पात्रहरू छन्। यी पात्रहरूको प्रयोगले यस उपन्यासलाई ऐतिहासिक उपन्यासको रूपमा प्रमाणित गरेको छ। प्रस्तुत उपन्यासमा उल्लिखितपात्र र घटना यस्तो छ-"काजी, नरबहादुर खतिवडा, रामचन्द्र पौड्याल, कालू राई, सन्तोष राई, बी.पी दाहाल, बी.पी खरेल, बी.बी.गुरुङ आदि।मेरो मित्र अजय चामलिङ र म पनि त्यस हूलमा पस्यौँ। केहीक्षणमा यो जमात दरवारतर्फ लाग्ने भयो।" यस्तै प्रकारले सिक्किम भारत देशमा विलय नभएर स्वतन्त्र राज्य नै रहनु पर्छ भन्ने उद्देश्यले अर्को जनआन्दोलन भएको दृष्टान्त यस्तो छ-"गान्तोकमा विलयको विरोधमा एउटा जनसभा भएछ, त्यस जनसभामा सीआरपीले हस्तक्षेप गर्दै यसमा सामेल धेरै जनतालाई लगारेछ। यसै क्रममा भएको एउटा घटनाबारे टासी नामग्याल उच्चत्तर माध्यमिक विद्यालयका एक शिक्षक जेरुङ्ग लामाले एकदिन भन्नुभयो, सीआरपीले कुटेर नालीमा लडाइ राखेछ, मैले देखेँ, त्यो त एन. बी. सर हो भनेर चिनेँ अनि उसलाई उठाएर अस्पताल लगेँ। मैले बुझ्दा एन. बी भनेको नरबहादुर भण्डारी रहेछन्।" (रुद्र पौड्याल, सन् 2022) यस घटनाको प्रत्यक्षदर्शी म पात्र रहेको देखिएको छ। यहाँ म पात्र काल्पनिक वा वास्तविक किटान गरेर भन्न सकिँदैन तर म पात्रद्वारा अभिव्यक्त भएको घटनामा प्रयुक्त सहयोगी पात्रहरू भने वास्तविक पात्र भएको कुरामाथि उल्लिखितप्र सङ्गले स्पष्ट गराएको छ।

## सिक्किम भारतको 22औँ राज्यको रूपमा गाभिएपछिको व्यवस्था:

सिक्किम भारत देशको 22औँ राज्यमा गाभिनभन्दा अघि एउटा स्वतन्त्र देश रहको तथ्य इतिहासमा लेखिएको छ। "सिक्किम अतिनै सानो प्रदेश भए तापनि पहिले खुबै फराकिलो-पश्चिममा अरूण नदी, पूर्वमा ताइगोनपास, उत्तरमा तिब्बत र दक्षिणमा पुरुलिया जिल्लाको किशनगञ्जसम्म फैलिएको देश थियो।" (तुलसीराम शर्मा 'कश्यप', सन् 1996) यो ऐतिहासिक तथ्यलाई उपन्यासमा यसरी उल्लेख गरिएको छ- "सिक्किम एउटा देश, राजा थिए। एउटा सामान्य देश चल्ने कानुन थियो। भारतमा विलय पछि धेरै परिवर्तन आयो। (रुद्र पौड्याल, सन् 2022) सिक्किम देशदेखि राज्य बनेपछि पहिलो राज्यपाल र मुख्यमन्त्रीसम्बन्धित प्रसङ्ग उपन्यासमा यसप्रकार छ-"प्रशासनमा आएका बी.एस. दास. पछि बीबी लाल थिए। उनलाई राज्यपालको भार भारत सरकारले दियो। भर्खरै चुनाउ भएर काउन्सिलर बनेका नेतृत्वबाटै सरकार गठन भयो। गठिन राज्य सरकारमा पनि काजी लेण्डुप दोर्जी खाङसार्पा मुख्यमन्त्री बने।" ( रुद्र पौड्याल, सन् 2022) यसप्रकार राजाको शाषण, राजकीय व्यवस्थाको अन्त्य भएको घटनालाई कथात्मक ढङ्गमा पाठकसमक्ष ल्याएको छ। देशबाट राज्यमा परिणत भएपछि त्यस देशका जनताको नागरिकताबारे जान्ने उत्सुकता हुँदछ। यसै सन्दर्भमा सिक्किमका जनता भारतको नागरिक बनेपछि उनीहरूको राष्ट्रिय परिचायक प्रमाण पत्रबारे उपन्यासमा यस्तो छ- "राजा राजा रहेनन्। उनले दिएको सिक्किमे नागरिकता प्रमाणपत्र, जसलाई हामी सिक्किम सब्जेक्ट भन्छौँ त्यही नै सिक्किमेहरूको भारतीय नागरिकताको प्रमाण पत्र बनियो।"(रुद्र पौड्याल, सन् 2022) यसरी उपन्यासमा सिक्किम राज्य बनिएपछि सिक्किमको राजनैतिक, सामाजिक व्यवस्थामा आएको परिवर्तनबारे चित्रण गरिएको छ।

## निष्कर्ष:

भत्किएको घर उपन्यासमा सिक्किम देशहुँदा अनि भारतको एउटा राज्यको रूपमा हुँदा के कस्ता व्यवस्था थियो भन्ने कुरालाई अत्यन्त रोचक ढङ्गमा प्रस्तुत गरिएको छ। सिक्किमको ऐतिहासिक र यथार्थ पक्षको ज्ञान युवा पिँढीमा हस्तान्तरण गर्न प्रस्तुत उपन्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। सिक्किमको राजाकालीनदेखि विलयपछिसम्मको इतिहासलाई पनि उपन्यासकार आफ्नो सृजन क्षमताद्वारा अत्यन्त रोचक ढङ्गले पाठकसमक्ष पुऱ्याउन सक्षम बनेका छन्। प्रस्तुत उपन्यास सिक्किमको ऐतिहासिक तथ्य समेटिएको औपन्यासिक स्वरूप हो। उपन्यारसकार रुद्र पौड्याल एक यथार्थ घटनाहरूमाथि

बढी रूचि राख्ने मातृभूमि प्रेमी रहेछन् भन्ने कुरा प्रस्तुत उपन्यासले प्रमाणित गरेको छ। उपन्यासमा वर्णित प्रसङ्ग र ऐतिहासिक तथ्याङ्कमा समानता रहेको हुनाले सिक्किमको ऐतिहासिक घटनाबारे अध्ययन, अनुसन्धान र गहण चिन्तन गर्ने उपन्यासकार रूद्र पौड्याल हुन् भन्ने कुरा पुष्टि गर्दछ। तसर्थ प्रस्तुत उपन्यासले उनलाई ऐतिहासिक उपन्यासकारको रूपमा परिचित गराएको छ। ऐतिहासिक विषयप्रधान उपन्यास रहेको हुनाले उपन्यासमा विशेष गरेर चरित्रको भन्दा सिक्किमको इतिहासको वृहत् पक्षलाई समेटिएको पाइन्छ। पाठकलाई आकर्षित र प्रभाव पार्ने तरिकामा उपन्यासको विषय अघि बढेको छ। सिक्किमबाट लेखिएको उपन्यासको इतिहासको अध्ययन गर्दा सिक्किमको इतिहास समेटिएको यो नितान्त अलग परिपाटीको उपन्यास हो।

## References:

[1] कडनजेए. सन्1999. **डिक्सनेरी अफ् लिटरेरी टर्म एन्ड लिटरेरी थिएरी**. पेन्गुइन् बुक्स।
[2] पौड्यालरुद्., सन् 2022., **भत्किएको घर.** ग्राफिक्स प्रिन्टर्स्।
[3] शर्मातुलसीराम ‘कश्यप’. सन् 1999. **सिक्किम हिजोदेखि आजसम्म.** आँकुरा प्रकाशन।
[4] सुब्बाजेआर. सन् 2008. **हिस्ट्री, कल्चर एन्ड कस्टम्स् अफ् सिक्किम**. ज्ञान पब्लिसिङ हाउस्।

**Copyright & License:**
© Authors retain the copyright of this article. This work is published under the Creative Commons Attribution 4.0 International License (CC BY 4.0), permitting unrestricted use, distribution, and reproduction in any medium, provided the original work is properly cited.